# लोक सेवा आयोग

## नेपाल सङ्घीय संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/१३

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: प्रथम

विषय: सार्वजनिक प्रशासन र व्यवस्थापन

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

**Section – A** **30 Marks**

1. नेपालमा सार्वजनिक नीतिहरू कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणालीका बारेमा उल्लेख गर्नुहोस्। 5
2. दक्षिण एशियाली क्षेत्रमा आर्थिक एकीकरण (Economic Integration) लाई प्रवर्द्धन गर्ने दिशामा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) को भूमिकाको सङ्क्षिप्तरूपमा समीक्षात्मक टिप्पणी गर्नुहोस्। 5
3. नेपालमा स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता उल्लेख गर्दै यसको कार्यान्वयनमा देखिएका समस्याहरू प्रस्तुत गर्नुहोस्। 3+2=5
4. नेपालको शासन प्रणालीका प्रमुख विशेषताहरू बुँदागतरूपमा उल्लेख गर्नुहोस्। 5
5. "राजनीति र प्रशासन एउटै सिक्काका दुई पाटा हुन् तर यिनको भूमिका र सीमा रेखा फरक छ।" यस कथनलाई दृष्टिगत गर्दै राजनीति र प्रशासनबीचको अन्तरसम्बन्ध स्पष्ट पार्नुहोस्। साथै वर्तमान समयमा देखिने प्रशासनिक राजनीतिकरण (Administrative Politicization) का सबल र दुर्बल पक्षहरूको विश्लेषण गर्नुहोस्। 5+5=10

**Section – B** **30 Marks**

6. नेपालको सार्वजनिक क्षेत्रमा आदेशको एकात्मकता (Unity of Command) र नियन्त्रणको सीमा (Span of Control) जस्ता सिद्धान्तहरूको प्रयोग कत्तिको प्रभावकारी छ? टिप्पणी गर्नुहोस्। 5
7. संगठन संरचना भनेको के हो? संगठन संरचनाका मुख्य अवयवहरू उल्लेख गर्नुहोस्। 2+3=5
8. नेपालको सार्वजनिक प्रशासनमा लोक सेवा आयोगको भूमिकाको चर्चा गर्दै सार्वजनिक प्रशासनमा सक्षम र नैतिकवान जनशक्ति भित्र्याउन लोक सेवा आयोगको हालको कर्मचारी छनौट प्रणालीमा के-कस्ता सुधारहरू आवश्यक छ? सुझाव प्रस्तुत गर्नुहोस्। 4+6=10
9. "नेपालमा भ्रष्टाचार निवारणका लागि हालसम्म चालिएका प्रयासहरू अपर्याप्त सावित भएका छन्।" यस भनाईलाई पुष्टि गर्दै भ्रष्टाचार रहित स्वच्छ समाज निर्माणका लागि सरोकारवालाको भूमिका समेत उल्लेख गर्दै सुझाव सहितको व्यवहारिक कार्ययोजना बनाउनुहोस्। 3+3+4=10

**Section – C** **20 Marks**

10. नेपालमा महिला सशक्तीकरणका लागि भएका प्रयास र उपलब्धिको समीक्षा गर्दै लैंगिक समानता कायम गर्ने कार्यमा आइपर्ने सांस्कृतिक र संरचनात्मक अवरोधहरू उल्लेख गर्नुहोस्। 3+3+4=10
11. विकास प्रशासनमा जनसहभागिताको आवश्यकता र औचित्यको पुष्टि गर्दै सार्वजनिक निजी साझेदारीका फाइदा र वेफाइदाहरू बुँदागतरूपमा उल्लेख गर्नुहोस्। 5+5=10

**Section – D** **20 Marks**

12. भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारलाई कसरी परिभाषित गरेको छ? यस ऐनमा रहेका भ्रष्टाचारजन्य कसूरसम्बन्धी व्यवस्थाहरू उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खेलेको भूमिकामाथि समीक्षा गर्नुहोस्। 5+5=10
13. नेपालमा अवलम्बन गरिएका विद्यमान बजेट तर्जुमाका आधार र प्रकृयाहरूको समीक्षा गर्नुहोस्। यसमा देखिएका समस्या समाधान गर्न व्यवहारिक उपायहरू प्रस्तुत गर्नुहोस्। 6+4=10

«««समाप्त»»»